# सैनामैना नगरपालिका

नगरसभामा प्रस्तुत

आ.व. २०७४/७५ को

# नीति तथा कार्यक्रम

**नगरकार्यपालिकाको कार्यालय**

**बुद्धनगर, रुपन्देही**

**३१ श्रावण, २०७४**

**यस गरिमामय नगरसभाका अध्यक्ष महोदय एवं, सभाका सदस्यज्यूहरु,**

नेपालको संविधान २०७२ अनुसार गठित स्थानीय सरकारको रुपमा रहेको यस नगरपालिकाको गरिमामय प्रथम नगर सभामा आर्थिक बर्ष २०७४/७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई खुशी लागेको छ । यस ऐतिहासिक अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

संवत २०७४ असार १४ मा सम्पन्न स्थानीय तहको निर्वाचनले सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधान कार्यान्वयनको महत्वपूर्ण चरण र नयाँ युगको थालनी सँगै संघियता कार्यान्वयनको मार्ग प्रशस्त भएको छ । साथै मुलुकको आर्थिक सम्वृद्धि र स्थानीयस्तरमा लोकतन्त्रको अभ्यास गर्ने अवसर जुटेको छ । यस निर्वाचनमा मतदान गर्नहुने सम्पुर्ण मतदाताहरु, भाग लिने राजनीतिक दलहरु तथा उक्त प्रकियामा सहभागि हुने सुरक्षाकर्मी तथा कर्मचारीहरुप्रति धन्यवाद ज्ञापन गर्दछु ।

**सुखी सैनामैनाबासी र सम्बृद्ध सैनामैना नगरपालिका** भन्ने नारालाई साकार पार्न सफा तथा आधुनिक शहरी सुविधा सहितको व्यवस्थित नगर बनाउने तर्फ यस आर्थिक बर्षको नीति तथा कार्यक्रमहरु निर्देशित हुनेछन । सो को लागि तपसिल बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ ।

**१. खानेपानी तथा सरसफाई**

सबैमा स्वच्छ खानेपानीको पहुच र शहरी फोहोर व्यवस्थापनलाई नगरपालिकाको पहिलो प्राथमिकतामा राखिनेछ ।

- स्वच्छ खानेपानीबाट बन्चित घरधूरीको पहिचान गरी तिनलाई खानेपानीको पहुचको दायराभित्र ल्याउनको लागि चालू योजनाहरु दुई बर्षभित्र सम्पन्न गर्ने र वार्ड ११ को बनकट्टी र वार्ड नं. १० फूलवारीमा ठूला नयाँ योजनाको रुपमा केन्द्रमा माग गरिनेछ ।

- जिरो ल्याण्डफिल साईटको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ । फोहरको दीर्घकालिन व्यवस्थापनका लागि Recycling र कम्पोष्टिङ सहितको ल्याण्डफिल साइटको यसै बर्षदेखि अध्ययन र तयारीका कार्य शुरु गरिनेछ र अल्पकालिन व्यवस्थापनको कार्य तुरुन्त शुरु हुनेछ । यसका लागिसेवा करार मार्फत निजी क्षेत्रबाट नियमितरुपमा यस नगर क्षेत्रको फोहर उठाउने व्यवस्था मिलाइनेछ ।
  - नगरपालिका क्षेत्रभित्र पूर्व-पश्चिम लोकमार्गको सडक अधिकार क्षेत्रको ८२ फुटले ओगटेको क्षेत्र सफा नगरको पहिचान हुनेहुँदा सम्वन्धित घरधनी तथा टोल विकास संस्थाहरुको सहकार्यमा उक्त क्षेत्रमा नमूना सरसफाई अभियान संचालन गरिनेछ । साथै नगरपालिका क्षेत्रभित्र खानेपानी समितिहरु, शैक्षिक संस्थाहरु, सहितका संघ-संस्था, क्लब तथा टोल विकास समिति आदि संस्थाहरुको सहकार्यमा सघन सरसफाई अभियान संचालन गरिनेछ ।
  - व्यस्त सार्वजनिक स्थानहरुमा सार्वजनिक सौचालय तथा स्वच्छ खानेपानीको व्यवस्था मिलाइनेछ ।
  - नगरका प्रत्येक चोकहरुमा, सार्वजनिक कार्यालय तथा संस्थाहरुमा, पिक्निक स्थलहरु, धार्मिक तथा प्रर्यटकीय स्थानहरुमा सड्ने र नसड्ने फोहर फाल्ने डष्टविनको व्यवस्था मिलाइनेछ ।
  - घरेलु फोहर व्यवस्थापनको लागि जनचेतना जगाउने कार्यक्रम संचालन गरिनेछ ।

## २. योजना तथा पूर्वाधार विकास

शहरी विकास मन्त्रालयसंगको सहकार्यमा यसै आर्थिक बर्षमा सैनामैना नगरपालिकाको नगर गुरुयोजना तर्जुमा गरी नगरको अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन बिकास लक्ष्यहरु निर्धारण गर्ने कार्य यसै बर्ष सम्पन्न गरिनेछ । यही नगर गुरुयोजनाको आधारमा योजनाहरुको प्राथामिकताक्रम निर्धारण गरेर आगामि बर्षहरुमा योजनाबद्ध तथा चरणबद्धरुपमा विकासका कार्यहरु संचालन गरिनेछ ।

आम जनजीवनसंग प्रत्यक्ष सरोकार राख्ने भूमिको व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्ने वातावरण तयार पार्नका लागि राष्ट्रिय भू-उपयोग नीति अर्न्तगत नगरको भू-उपयोग योजना निर्माण गर्ने कार्य तत्काल अगाडी बढाइनेछ ।

**क) सडक तथा पूल निर्माण**

सडक नै अन्य विकासको आधार भएकाले यस बर्ष सडक निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।

- नगर यातायात गुरु योजनाको आधारमा सैनामैना क्षेत्रका कालोपत्रे बाहेकका मुख्य मुख्य सडकहरु र थारु गाउँभित्रका परम्परागत सडकहरुको स्तरोन्नती गर्ने कार्य तत्काल अघि बढाइनेछ ।
- यस क्षेत्रको गौरवको रुपमा रहेको छुट्टै परियोजनाको रुपमा निर्माणाधिन सालझण्डी ढोरपाटन सडकलाई बजेटको कमि हुन नदिने तथा समयावधिभित्रै सम्पन्न गर्ने कुरामा प्राथमिकताका साथ ध्यान दिइनेछ ।
- सालझण्डी देखि भारतको ककहवा नाका जोडने सडक नयाँ योजनाको रुपमा केन्द्रसंग माग गरी यसै आ.ब.भित्र सर्वे डिजाइन गर्ने कार्य अगाडि बढाइनेछ ।
- पुर्व-पश्चिम लोकमार्गको बुटवल-सालझण्डी खण्डलाई छ लेनको सडकमा विस्तार गर्न विस्तृत सर्वे डिजाइन अगाडि बढाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसंग समन्वय गरिनेछ ।
- सैनामैना क्षेत्रभित्र बसपार्क निर्माण तथा नगरवस संचालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- निर्माण शुरु भएको साविक सैनामैना चक्रपथलाई पछि समाहित भएका वार्ड नम्बर १० र ११ लाई समेत समेट्ने गरी आगामी चार बर्षभित्र निर्माण कार्य सम्पन्न गरिनेछ ।
- चुरेको पहाड र तलको समथर वस्तीबीच बनकट्टा बौराहा खोलादेखि सालझण्डी फूलवारीसम्म जोडिने पहाडको घेच छिचोल्ने सैनामैना हरित सडक निर्माणको लागि विस्तृत सर्वेक्षण गरी नगरपालिका, नेपाली सेना सामुदायिक वनहरुको सहकार्यमा यस आ.ब.मा ट्र्याक खोल्ने कार्य शुरु गरिनेछ ।
- सैनामैनावाट लुम्विनी प्रवेशद्धारका रुपमा रहेका रामापुर-लुम्बिनी तथा मुर्गिया-लुम्बिनी सडक यसै आ.व. भित्र सम्पन्न गर्न सम्वन्धित निकायमा पहल गरिनेछ ।
- धार्मिक तथा पर्यटकीय स्थानहरुमा जाने सडकहरुको पहिचान गरी तीनलाई कालोपत्रे गरिनेछ ।
- मेजर रोड, बाँसगढी-दानापुर सडक आदि सडकहरुको कालो-पत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- डिजाइन इष्टिमेट सम्पन्न भइसकेका निम्न सडकहरुको यो आ.ब.मा निर्माण कार्य शुरु गरिनेछः
    + दुधराक्ष चोक - आधीखोला सडक
    + रानी बयिया - बोलबमधाम - फर्साटिकर सडक
    + सालझण्डी - तिनगिरे - सुंगुरढुंगा सडक

- निर्माण कार्य शुरु भइ गति लिन नसकेका र निर्माण शुरु हुन बाँकी निम्न सडक-पूलहरुको यो आ.ब.मा निर्माण कार्य पुरा गरिनेछः
    + बुटवल उप-महानगरपालिका र सैनामैना नगरपालिका जोड्ने दानव नदीमा कर्साघाट पूल
    + दक्षिण बरौली र बीचवापुर जोड्ने कन्चन पूल
    + वार्ड २ को चक्रपथमा पर्ने सुकौली खोला पूल ।
    + वडा नं ४, ५ र १ को सिमाना चक्रपथमा पर्ने बक्सड पुल

- निम्न सडक पूलहरुको यस आर्थिक बर्षमा विस्तृत सर्बे तथा डिजाइन-इष्टिमेट गराउन पहल गरिनेछः
    + ठूलोचौर-ताली भचना जोड्ने पहिलाखोला पूल ।
    + आँधीखोला-शान्तिपुर जोड्ने सुखौराखोला पूल
    + पानबारी-झिमझिमे जोड्ने कन्चन नदी पूल,
    + बाँसगढी-भड्छी-शंकरपुर जोड्ने बनरहवा खोला पूल,

**ख) सिंचाई तथा नदी नियन्त्रण**

- यस नगरपालिका वार्ड नं. ३ मा पर्ने घमाहा खोलाको लामिरहमा उच्च बांध बांधी सिचाइ, जलबिद्युत, पर्यटकीय प्रबर्धन प्रयोजनार्थ जलासययुक्त आयोजना संचालनको लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

- सार्वजनिक निजी साझेदारी वा अन्य सहयोग पहिचान गरी नगरक्षेत्रभित्र स्विमिङ पुल सहितको आधुनिक Recreational Center/ Water Fun Park निर्माण सम्वन्धी अध्ययन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका परम्परागत कुलाहरु तथा कन्चन, इंगुरिया, बनराहवा, दानव, घमाहा, बौराहा, तुल्बुलिया, पहिला आदि नदीमा बाँध बाधी हुदै आएको सतह सिंचाइको लागि निर्मित कच्ची कुलाहरु पक्की निर्माण गर्नको लागि एकीकृत रुपमा सम्भाव्यता अध्ययनको लागि केन्द्रमा पहल गरिनेछ ।
- बिस्तृत सर्वे डिजाइन सम्पन्न भइसकेको सन्तानपुर सिंचाई योजनाको बाध निर्माण केन्द्रीय योजनामा समाबेश गर्न पहल गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र पर्ने कन्चन नदी र दानव नदीमा जनताको तटबन्धमार्फत दोहोरो तटबन्धन र पहिला खोला, बनराहा खोला, मेघहवा, तुलबुलिया, घमाहा र बौराहा खोलाहरुको जलउत्पन्न प्रकोप नियन्त्रण विभाग मार्फत दोहोरो तटबन्धनको गुरु योजना निर्माण कार्य अगाडि बढाइनेछ ।

## ३. कृषि तथा पशुपालन

- स्थानीय भुउपयोग योजनाले पहिचान गरेको कृषि उत्पादन क्षेत्रमा बिषेश कार्यक्रम संचालन गरी  निर्वाहमुखि कृषि प्रणालीलाई क्रमश विस्थापन गरेर व्यवशायिक कृषि प्रणालीको विकासका लागि कृषकलाई प्रोत्साहन गरिनेछ ।
- सैनामैना क्षेत्रलाई यसै बर्ष दुग्ध उत्पादनमा आत्मनिर्भर वनाउने नीति अवलम्वन गरिनेछ र यसका लागि पशुपालक कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै घास उत्पादनका लागि पकेट क्षेत्रहरु विकास गरिनेछ ।
- नगरका विभिन्न क्षेत्रमा कृषि उपज संकलन केन्द्र तथा कुनै एक स्थानमा सित गोदाम ( Cold Store) स्थापना गर्न आवश्यक कार्य अगाडि बढाइनेछ ।
- कृषियोग्य जमिनको अव्यवस्थित तथा गैर-कानूनी खण्डिकरणलाई निरुत्साहीत गरिनेछ ।
- कृषियोग्य जमिनलाई बाँझो राख्न नपाइने व्यवस्था गरिनेछ ।
- कृषि तथा पशु बिमालाई प्रोत्सहित गरिनेछ ।
- सहकारितालाई प्रोत्साहन गरिनेछ । सामुहिक तथा सहकारीबाट व्यवसयिक कृषि उत्पादन गर्ने समूहहरुलाई बिषेश अनुदानको व्यवसथा गरिनेछ ।

## ४. व्यवस्थित बसोवास तथा भवन निर्माणः

- नगर भूउपयोग योजानाले तोकेका स्थानहरुमा भवन निर्माण संहिताले निर्धारण गरेको मापदण्ड अनुसार व्यवस्थित, सुन्दर र सुविधा सम्पन्न बस्ती निर्माण शुरु गरिनेछ ।
- यस नगरपालिकाभित्र अब निर्माण गरिने संपूण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको अधिनमा रही अपांगमैत्री, भूकम्प प्रतिरोधात्मक, वातावरण तथा सरसफाईमैत्री र अग्नी सुरक्षित वनाइनेछ ।
- सैनामैना भवन निर्माण संहिता पूर्णरुपमा लागू गरिनेछ । हरेक व्यक्तिगत, सामुदायिक, सरकारी भवनहरु यो संहिता तथा भवन निर्माण मापदण्ड अनुसार निर्माण गर्न अनिवार्य हुनेछ ।
- यस नगर क्षेत्रमा बर्षौदेखि सार्वजनिक जमिनमा अव्यवस्थितरुपमा बसोवास गरिरहेका तर स्वामित्व  नपाएका व्यक्ति तथा संघ-संस्थाहरुको लगत लिने काम तत्काल शुरु गरिनेछ र व्यवस्थित बसोवास र स्वामित्व हस्तान्तरणकोलागि आवश्यक कानूनी प्रकृया पूरा गर्न एक कार्यदल गठन गरिनेछ ।
- श्रेष्ता अनुसारको फिल्ड र फिल्ड अनुसार श्रेष्ता नभएका जग्गाहरुको पुनः नापी गरी अध्यावधिक गरिनेछ ।
- फिल्डमा भएका तर नक्शामा नभएका सडकहरु र सार्वजनिक जग्गाहरु नाप जाँच गरी नक्शामा समावेश गरिनेछ ।
- योजना निर्माण तथा सेवा प्रवाहसम्वन्धी नीति तथा कार्यक्रम तथ्यमा आधारित वनाउन तथ्याङ्क आधार तयार गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ । नगर पार्श्वचित्र तयार गर्ने, घर नम्वरिङ गर्ने तथा घरधुरी सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरु एकीकृतरुपमा संकलन गरी सफ्टवेयर प्रणालीमा राख्ने कार्य गरिनेछ ।
- सुरक्षित घर निर्माणका लागि नक्शा पास गरेरमात्र घर निर्माण गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ र नगरपालिका घोषणा हुनुअघि निर्माण भएका घरहरु को अभिलेखिकरण (नियमित पास) यस बर्ष भित्र सम्पन्न गर्न अभियानकै रुपमा संचालन गरिने छ ।
- नगरको व्यवस्थित शहरीकरणका लागि  भवन निर्माण मापदण्डलाई थप प्रभावकारीरुपमा लागु गर्न निर्माण व्यवसायी  तथा डकर्मीहरुलाई चरणवद्धरुपमा  तालिम दिइनेछ । यसरी तालिम लिएका व्यवसायीलाई मात्र नगरमा भवन निर्माणको अनुमति दिने व्यवस्था गरिने छ र  अनुगमन समिति बनाई मापदण्ड विपरितका संरचनाहरुको लगत लिने कार्य समेत अघि बढाईनेछ ।

- भवन निर्माण संहिता तथा भवन निर्माण मापदण्डको बारेमा व्यापक जनचेतना जगाउने कार्यक्रम ल्याइनेछ।

## ५. संस्कृति तथा पर्यटनः

- ऐतिहासिक, सास्कृतिक, धार्मिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ । लुम्विनी आउने पर्यटकहरु सैनामैना भित्र भित्राउन बुद्ध सर्किट सम्वन्धी अवधारणालाई कार्यान्वयन गर्न लुम्बिनी विकास कोषसंग समन्वय गरी आवश्यक ब्यवस्था मिलाइनेछ।
- धार्मिक तथा पर्यटकिय हिसावले महत्वपूर्ण मलमला, रानीकुवा, ठुलोकुवा, वोलवमधाम, महेरवा जस्ता क्षेत्रहरुको संरक्षण र पर्वद्धन गरिनेछ।
- सैनामैना क्षेत्रको अध्ययन अनुसन्धान गरि ऐतिहासिक तथा सास्कृतिक मूल्यहरुको पहिचान, संरक्षण र बिकास गरिनेछ । सोको लागि इतिहासबिद, संस्कृतिबिद तथा पर्यटनविद सहितको एक अध्ययन कार्यदल बनाइनेछ।
- मठ मन्दिर, ड्यूहार, कोटिया थान, मस्जिद, गुम्बा, चर्चहरुको संरक्षण तथा सम्बर्धन गरिनेछ।
- मलमलाको एकीकृत विकासका लगि खानेपानीको व्यवस्था गर्नका लगि उपयुक्त श्रोतको पहिचान गरी आवश्यक कार्य अगाडी बढाइनेछ।
- यस नगर क्षेत्रभित्र रमणीय चुरेका काख तथा निर्माणोन्मुख हरित सडकको आसपास उच्च गुणस्तरीय होटल तथा रिसोर्ट निर्माणको लागि नीजि लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ।
- सैनामैना १ स्थित संग्राहालयलाई व्यवस्थित गरिनुका साथै सैनामैना ५ को कोटिया डाडा वर्माबाबा थानमा कोटिया मन्दिर र थारु संग्रालय निर्माण कार्य शुरु गरिनेछ।
- सैनामैना २ मा तयारी पूरा हुन थालेका थारु होम स्टे संचालनमा आवश्यक सहयोग र वार्ड नं. १०, ११, ९ र ६ मा अन्य समूदायका जाती, भाषा, भेषभूशा, संस्कृति झल्किने गरी थप होम स्टे संचालन गर्न अध्ययन गरिनेछ।
- मेला महोत्सव संचालनको १०० बर्ष पार गरिसकेको ऐतिहासिक भड्छा मेलाको आयोजना, संचालन र प्रर्वधनको लागि आवश्य आर्थिक व्यवस्था नगरपालिकले गर्नेछ।
- उद्योग बाणिज्य संघ तथा व्यापार संघबाट प्रत्येक बर्ष हुदै आएका कृषि तथा प्रर्यटन महोत्सव आदिवासी जनजाती महोत्सव र माघी मेलाको संचालनको लागि आर्थिक सहयोग गरिनेछ।

- नगरभित्र संचालन हुने मेला, महोत्सवको लागि आवश्यक जग्गाको व्यवस्थापन गर्न भू-उपयोग योजना निर्माण कार्यदलको TOR मा समाबेश गरिनेछ ।

## ६. शिक्षा

- गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा क्षेत्रमा सुधारका अभियान थालनी गरिनेछ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयका प्राचार्यहरुसंग कार्यसम्पादन करार गर्ने नीति लागु गर्न यस बर्ष अध्ययन गरिनेछ ।
- सैनामैना क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालयको बीचमा स्वस्थ प्रतिस्पर्धाको बातावरणको सिर्जना हुने गरी स्पष्ट शिक्षा नीति ल्याइनेछ । विद्यालय भर्नादर बढाउन तथा विद्यालय छाडने दर (Drop out) घटाउनका लागि अति विपन्न वर्गका बाल-वालिकालाई प्रोत्साहन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका सबै बालबालिकालाई अनिवार्य विद्यालय जाने वातावरण बनाउन प्रत्येक विद्यालयको आधारभुत क्षेत्र तोकी शिक्षा क्षेत्रलाई नगर नक्शामा देखाईनेछ । उक्त क्षेत्रका वालवालिकालाइ विद्यालय पुर्याउने जिम्मा सम्बन्धित विद्यालयको हुनेछ । सामुदायिक विद्यालयहरुको विद्यार्थी सँख्या, शैक्षिक गुणस्तर तथा भौगोलिक आवश्यकता अनुसार एक आपसमा मर्ज गर्ने नीति लिइनेछ ।
- उच्च शिक्षाको पहुँचलाई सहज बनाउन नगरभित्र संचालित क्याम्पसहरुको उन्नयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- उच्च शिक्षामा अर्न्राष्ट्रिय गुणस्तर (QAA) प्राप्तीका लागि नगरभित्रका क्याम्पसहरुलाई प्रोत्साहन गरिनेछ ।
- बिद्यालय शिक्षामा बिज्ञान तथा प्राविधिक शिक्षा संचालन गर्ने शिद्यालयलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ ।

## ७. स्वास्थ्य

- संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी मौलिक हकको कार्यान्वयनका लागि नगर क्षेत्रभित्र रहेका सवै स्वास्थ्य संस्थाहरुको सवलीकरण, क्षमता अभिवृद्धि तथा स्तरोउन्नति गर्ने नीति लिइनेछ । यसै आर्थिक बर्षमा पर्रोहा स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पतालका रुपमा स्तरोन्नती गरिनेछ ।

- सैनामैना ११ सालझण्डीमा नगरपालिका, स्थानीय समुदाय र नेपाली सेनाको सहकार्यमा यसै बर्ष सर्पदंश अस्पताल निर्माण गर्ने कार्य प्राथमिकताका साथ अघि बढाइनेछ ।
- सङ्घीय सरकारको स्वास्थ्य विमा सम्वन्धी कार्यक्रम अर्न्तगत सबै नगरवासीको स्वास्थ्य विमा गराउन चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- वनकट्टामा रहेको प्राकृतिक चिकित्सा केन्द्रलाई प्राकृतिक तथा आयुर्वेदिक अस्पतालको रुपमा विकसित गर्न पहल गरिनेछ ।
- वार्ड नम्बर ७ मा भएको शहरी स्वास्थ्य केन्द्रलाई व्यवस्थित गर्ने र वार्ड नम्बर १ मा थप शहरी स्वास्थ्य केन्द्र स्थापना गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाउन उहाहरुले पाउदै आएको सुविधामा वृद्धि गरिनेछ ।
- परोहा बर्थिङ्ग सेन्टरमा सुरक्षित सुत्केरी हुने यस न.पा.का महिलाहरुलाई सुत्केरीपछि घर पुऱ्याउन निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

## ८. युवा तथा खेलकूद

- खेलकुद क्षेत्रको विकासलाई उचित ध्यान दिईनेछ र राष्ट्रिय स्तरमा सैनामैनालाई परिचय दिलाउन वार्ड नम्बर ७ को लम्टैयामा क्रिकेट स्टेडियम तथा वार्ड नम्बर १ को बनकट्टमा फुटबल स्टेडियम निर्माण गर्न र प्रत्येक वार्डमा कम्तिमा एक खेलकुद मैदान स्थापनाकोलागी सम्बाव्यता अध्ययन गरिनेछ।
- रोजगारी सिर्जना गर्नका लागि युवा उद्योगी तथा व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।
- यस नगरभित्र युवा तथा विद्यार्थीहरुलाई लक्षित गरी नगरस्तरीय खेल सप्ताह आयोजना गरिनेछ ।

## ९. वन तथा वातावरण

- जिविकोपार्जनका लागि वनको अवधारणालाइ सार्थक तुल्याउन यस नगरपालिकाभित्र रहेका सामुदायिक र साझेदारी वनको वैज्ञानिक व्यवस्थापनमा जोड दिइनेछ ।
- नगरपालिका भित्र खुला क्षेत्र तथा पार्कहरुको विकासलाई प्राथमिकता दिइने नीति अर्न्तगत यस बर्ष प्रारम्भिक चरणको काम पुरा गरेका ७ वटा पार्क निर्माण कार्य अगाडि बढाइनेछ ।

- बढ्दो जनसंख्याले नगरका सार्वजनिक प्रकृतिका क्षेत्रहरुको अतिक्रमण बढ्दै गएकोले तत्काल प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा सार्वजनिक जग्गा संरक्षण उपसमिति गठन गरि सम्बन्धित वडामा रहेको सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरण लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा संबर्द्धन गरिनेछ ।

## १०. महिला सशक्तिकरण

- एकल महिला, बेरोजगार महिला तथा अति पिछडिएका र बिपन्न महिलाहरुको लागि रोजगारमूलक तालिमको व्यवस्था गरिनेछ ।
- सबै प्रकारका घरेलु हिंसा न्युनिकरण गरी महिलाहरुलाई न्याय दिलाइनेछ ।
- महिला प्रमुख भएको तथा महिलाहरुले आफ्नै पहलमा गठन गरी संचालन भइरहेका संघ संस्थाहरुलाई बिषेश प्रोत्साहन गरिनेछ ।

## ११. बिद्युत

- हालसम्म पनि बिद्युत लाइन जडान नभएका स्थानहरुको पहिचान गरी ती स्थानहरुमा विद्युन लाइन जडानको व्यवस्था गरिनेछ ।
- कतिपय स्थानहरुमा लाइन जडान भएर पनि Low Voltage को समस्या समाधान गर्न उपयुक्त शक्तिको Transformer को व्यस्था गरिनेछ । आवस्यकता अनुसार दुई फेश लाइन भएको स्थानलाई क्रमशः तीन फेशमा रुपान्तरण गरिनेछ ।
- माग भई आएका नगरका मुख्य सडक तथा बस्तीहरुमा सौर्य बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- बिद्युत क्षेत्रको समग्र समस्याहरुलाई एकीकृत रुपमा समाधान गर्ने गरी सैनामैना वार्ड नं. ९ मा बिद्युत सब-स्टेशन निर्माण कार्य प्रारम्भ गरिनेछ ।

## १२. अर्थ तथा राजस्व

- यस नगरपालिकालाई सम्वृद्ध वनाउन आवश्यक पर्ने बजेट रकम जुटाउन राजस्वको दायरा फराकिलो पारिनेछ । करदाता शिक्षा तथा विशेष कर अभियानहरु संचालन गरि नगरपालिकाभित्र  सवैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यक्रम ल्याइनेछ ।
- प्रगतिशिल तथा वैज्ञानिक कर प्रणाली लागु गर्नका लागि यस बर्ष अध्ययन अनुसन्धान तथा तयारी गरिनेछ ।

- आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ । सार्वजनिक निजी साझेदारी अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

**१२. सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास**

- नगरवासीलाई आधारभूत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्न संस्थागत क्षमता विकास गरिनुका साथै कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ । नगरकार्यपालिकामा जनशक्ति पुर्ति गर्ने कार्यलाई प्राथमिक्ता दिइनेछ ।
- यसै आ.व. भित्र नगरपालिका केन्द्रमा विद्युतीय हाजिरी, बिद्युतीय नागरिक वडापत्र तथा नागरिकलाई सुचना दिन मोवाइल एप्लिकेसनहरुको प्रयोग गरिनेछ । साथै नगरपालिकाका सवै वडा कार्यालयहरुमा उच्च क्षमताको इन्टरनेट जडान गरी केन्द्रसँग नेटवर्किङ गरिनेछ ।
- पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गरिनेछ । नगरभित्र हुने आर्थिक कारोवारहरुमा आर्थिक अनुशासन कायम गरिनुका साथै भ्रष्टाचारमा शुन्य सहनशिलताको नीति लिइनेछ ।
- नगरपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरुमा छिटो छरितो र प्रभावकारी बनाउन कम्प्युटरकृत सेवा प्रणालीको बिकास गर्दै लगिनेछ ।
- जनताले स्वामित्व ग्रहण नगरेसम्म विकास प्रयासहरु दिगो तथा प्रभावकारी हुन सक्दैनन भन्ने अवधारणालाई आत्मसात गर्दै नगरक्षेत्रभित्र टोल विकास संस्था गठन गरिनेछ । यसलाई विकासको आधारस्तम्भका रुपमा परिचालन गरिनेछ ।

**१३. विविध**

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई अझै सहज र प्रभावकारी बनाइनेछ ।
- अपांग र बाल लक्षित कार्यक्रमहरु सम्बन्धि लक्षित समूदायको परामर्शमा तय गरिनेछ ।
- समाजमा सकारात्मक सोंचको बिकास गरी शान्ती र अमनचयन, नेतृत्व तथा व्यक्तित्व विकासका लागि योग, ध्यान जस्ता कार्यक्रमहरुको संचालन गरिनेछ ।
- बालमैत्री, वातावरणमैत्री, धुवारहित, पुर्ण सरसफाईयुक्त, पुर्णसाक्षर नगरपालिका बनाउने अभियानलाई निरन्तरता दिइनेछ ।

- महिला, वालवालिका, आदिवासी जनजाति, दलित, अपांग र पछाडि परेको वर्ग तथा समुदायलाई विकासको मुलधारमा समाहित गर्न प्राथमिकता दिइनेछ । विगतमा संचालन हुदै आएका लक्षित कार्यक्रमहरुलाई नतिजा प्राप्त हुने गरी मात्र संचालन गर्ने नीति लिइनेछ र यस बर्ष क्षमता विकास र स्वरोजगारी प्राप्त गर्न सक्ने गरी केही नमुना कार्यक्रम संचालन गरिनेछ ।
- गैर सरकारी क्षेत्रलाई आर्थिक सामाजिक विकासको साझेदारको रुपमा लिइनेछ र उनीहरुको क्षमता र अनुभवका आधारमा विकास प्रक्रियामा सहभागि र परिचालन गरिनेछ ।
- नगरपालिकामा एक बिपत व्यवस्थापन तथा सहायता कोषको स्थापना गरिनेछ ।
- जेष्ठ नागरिकको भावनालाई कदर गर्दै प्रत्येक व डामा जेष्ठ नागरिक मिलन केन्द्र स्थापनाकालागि आवस्यक प्रकृया अगाडि बढाइनेछ ।
- प्रत्येक वडाको उपयुक्त स्थानमा एक सार्वजनिक किरियाघर निर्माण गर्ने नीति अन्तर्गत यस बर्ष कुनै एक वार्ड छनौट गरी किरियाघर निर्माण कार्य शुरु गरिनेछ ।
- यस नगरलाई आईपर्ने विपद, भैपरी समस्याहरुलाई समाधान गर्ने तथा सुशासन कायम गर्नका लागि नगरपालिकाले नगर प्रहरीको संरचना खडा गरिनेछ।
- नगरपालिकाका विभिन्न सडक विस्तार, स्तरउन्नती एवं नक्सामा भएका कुलाहरु कायम गरी नगरपालिका क्षेत्रलाई डुबान मुक्त पार्न Back Hoe Loader, Roller लगायतका हेभि मेसिन खरिद गरिनेछ ।

आदरणीय सैनामैनाबासी जनसमूदायहरु,

**सम्बृद्ध सैनामैना र सुखी सैनामैनाबासी** भन्ने नारालाई साकार पार्नका लागि माथिका नीति तथा कार्यक्रमहरु आधारको रुपमा रहनेछन् । यी कार्यक्रमको सफल कार्यान्वयन नगरपालिकाबाट मात्र सम्भव नहुने भएको हुनाले यहाँ कृयाशील राजनीतिक पार्टी, सरकारी तथा गैर सरकारी निकायहरु तथा अबिछिन्न उत्तराधिकारवाला संपूर्ण सामाजिक संघ-संस्थाहरु, नागरिक समाज सहित सम्पूर्ण सैनामैनाबासी आमा-बुवा, दाजुभाइ, दिदी-बहिनीहरुको रचनात्मक सवं सकिय सहयोगको अपेक्षा सहित अनुरोध गर्दछु ।

**धन्यवाद ! नमस्कार !!**